# उदयपुर जिल्ला अदालतबाट जारी भएको

## सूचना।  सूचना।।  सूचना।।।

विश्वभरी महामारीको रुपमा फैलिएको नोबल कोरोना भाईरस (COVID-19) को प्रकोपबाट बच्न सर्बोच्च अदालतको च.न. १७४७ मिति २०७६/१२/०७ गतेको परिपत्र अनुसार मिति २०७६/१२/०९ गते देखी ऐ.ऐ. २१ गते सम्म यस अदालतबाट प्रबाह हुने मुद्दामा निर्धारित पेशी तारिख लगायत अन्य काम कारवाही स्थगन तथा सेवा बन्द हुने व्यहोरा सबैको जानकारी का लागि सुचित गरिन्छ। साथै यस अवधिमा निम्न कार्य हुने र यस अवधिका निम्न कार्यलाई निम्नानुसार व्यवस्थित गरिएको छ।

१) बन्दी प्रत्यक्षीकरण , अभियोगपत्र दर्ता, वयान र थुनछेक, पक्राउ पुर्जी अनुमति र जरुरी पक्राउ पुर्जी समर्थन, म्याद थप , एवम् रकम तिरी कैदवाट छाड्न दिने निवेदन र वालवालिका जिम्मा दिने सम्वन्धि निवेदनहरु नियमित रुपमा सुनुवाई हुने छ।

२) मिति २०७६/१२/०९ गते देखि ऐ.ऐ. २१ गते सम्मका मुद्दाका निर्धारित पेशी, तारेख लगाएत अन्य काम कारवाही बन्द रहेको अवधि पछिक बाटोको म्याद बाहेका १० दिन भित्र सम्वन्धित पक्ष उपस्थित भई पेशी तारिख लिन वा अन्य काम कारवाही गर्न सक्ने छन।

३) काम कारवाहीको स्थगन वा र सेवा प्रवाह वन्द रहेको अवधिमा मुद्दाको हदम्याद, म्याद र तारेख नगुज्रिएको सरह मानी मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२५ वा मुलुकी फैजदारी कार्यविधि संहिता, २०७४ को दफा ५९ बमोजिम सेवा प्रवाह वन्द रहेको अवधि पछिको वाटोको म्याद बाहेक १० दिन भित्र पक्ष उपस्थित हुन आएमा मुद्दा दर्ता,प्रतिउत्तर, लिखित जवाफ लगायत अन्य काम कारवाही सुचारु हुने छ।